# REGIONAL NEWS BULLETIN

## 28th February, 2026 (Saturday)

## आकाशवाणी

### Sikkim’s Organic Produce at Conclave: IPR

भारत सरकारको वाणिज्य तथा उद्योग मन्त्रालय अन्तर्गतको कृषि तथा प्रशोधित खाद्य उत्पादन निर्यात विकास प्राधिकरणले सिक्किम सरकारसँगको सहकार्य र IFOAM-Asia सँगको सहकार्यमा गान्तोकमा सिक्किम जैविक सम्मेलन एवं अन्तर्राष्ट्रिय क्रेता-विक्रेता बैठक आयोजना गर्‍यो। सम्मेलनमा, "सिक्किममा जैविक कृषि उत्पादनहरूकै लागि आपूर्ति श्रृङ्खला र निर्यात तयारीको अध्ययन" शीर्षकको ज्ञान प्रतिवेदन जारी गरिएको थियो। NICDC लजिस्टिक डाटा सर्भिसेज लिमिटेड, NLDSL द्वारा तयार पारिएको प्रतिवेदनले सुधारिएको पूर्वाधार, सुव्यवस्थित प्रक्रियाहरू, उन्नत एकत्रीकरण, पारदर्शी मूल्य अनुसन्धान र रणनीतिक बजार स्थिति मार्फत सिक्किमको जैविक निर्यात पारिस्थितिक प्रणालीलाई बलियो बनाउने रोडम्यापको रूपरेखा प्रस्तुत गर्दछ। कार्यक्रममा उल्लेखनीय अन्तर्राष्ट्रिय सहभागिता देखियो, जसमा दक्षिण कोरिया, युएई, मङ्गोलिया, साउदी अरेबिया, ओमान, सिङ्गापुर, नर्वे, कुवेत र संयुक्त अधिराज्य लगायत सत्र देशका लगभग चालिस खरीददारहरूसहित अन्य प्रमुख बजारहरू थिए।

### CM-HPV Vaccination: Vishnu Neopaney

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज सम्मान भवनमा पाठेघरको मुखको क्यान्सरविरुद्धको राष्ट्रिय एच.पी.भी खोप अभियानको भर्चुअल सुरुवात गर्नुभयो। यसको राष्ट्रिय सुरुवात

प्रधानमन्त्री नरेन्द्र मोदीले राजस्थानको अजमेरबाट गर्नुभयो। यो अभियान भारत सरकारको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयको राष्ट्रिय स्वास्थ्य मिसन अन्तर्गत सुरु गरिएको हो, जसको उद्देश्य किशोरीहरूमा पाठेघरको मुखको क्यान्सरलाई समयमै खोप लगाएर रोकथाम गर्नु हो। आफ्नो सम्बोधनमा, प्रधानमन्त्रीले एच.पी.भी खोप अभियानलाई निवारक स्वास्थ्य सेवालाई सुदृढ पार्ने र किशोरीहरूको कल्याण सुनिश्चित गर्ने दिशामा एक प्रमुख कदमका रूपमा वर्णन गर्नुभयो। त्यसैगरी, सम्मान भवनमा भेलालाई सम्बोधन गर्दै, मुख्यमन्त्री श्री तामाङले एच.पी.भी खोपको महत्त्वलाई विशेष गरी चौध वर्ष उमेरका किशोरीहरूका लागि एक महत्त्वपूर्ण निवारक उपायका रूपमा प्रकाश पार्नुभयो। उहाँले पाठेघरको क्यान्सर महिलाहरूमा क्यान्सरसँग सम्बन्धित मृत्युको प्रमुख कारणहरूमध्ये एक रहेको बताउनुभयो र प्रभावकारी रोकथामका लागि प्रारम्भिक खोप आवश्यक रहेको कुरामा जोड दिनुभयो। साथै, उहाँले राज्यभरिका तोकिएका सरकारी स्वास्थ्य संस्थाहरूमा खोप नि:शुल्क दिइने जानकारी पनि दिनुभयो। त्यसैगरी, अन्य जिल्लाहरू सोरेङ, गेजिङ, मङ्गन, पाकिम र नाम्ची जिल्लाहरूले कार्यक्रमको राष्ट्रव्यापी सुरुवातमा सामेल भएर एच.पी.भी खोप अभियानको सुरुवात गरेका छन्।

## Pakyong-Mushroom Training: Ajay Thami

सिक्किममा च्याउ उत्पादन प्रविधिसम्बन्धी तालिम कार्यक्रम आज पूर्वी सिक्किमको प ाचेमा सुरु भयो। डा. माइकलले सहभागी प्रशिक्षार्थीहरूलाई ओइस्टर र बायो स्ट िमुलेन्टजस्ता च्याउखेतीबारे जानकारी गराउनुभयो, जसले बाली उत्पादकत्व र कीरा व्यवस्थापनलाई टेवा पुऱ्याउँछ। डा. माइकलले किसानहरूको रुचिका आधारमा यस क्षेत्रमा थप कार्यक्रम आयोजना गर्ने योजना रहेको जानकारी दिनुभएको छ। त्यसैगरी, डा. स्मृति छेत्री र प्राविधिक बलबहादुर थामीले प्रशिक्षार्थीहरूलाई ओइस्टर च्याउबारे प्रदर्शन गरेर

देखाउनुभयो। कार्यक्रममा किसानहरूलाई नि:शुल्क च्याउको स्पोन वितरण गरिनुका साथै, उत्साह स्वयं सहायता समूहका सदस्य र अन्यसहित पैंतालिस भन्दा बढी स्थानीय किसानहरू उपस्थित थिए।

## Bandey Pokhrel- Dilliram Dulal

बन्दे ग्रामीण पर्यटन विकास समाजले पाकिम विमानस्थलको नाम **स्वर्गीय त्रिलोचन पोखरेल** राख्ने सिक्किम सरकारको निर्णयको स्वागत गरेको छ। बन्दे पोखरेलको नामले चिनिने, त्रिलोचन पोखरेलको सम्मानमा यो नामकरण गर्ने निर्णय गरिएको हो। समाजले यसलाई एक सम्मानित व्यक्तित्वप्रति ऐतिहासिक श्रद्धाञ्जलीको रूपमा वर्णन गर्दै, जनताको हृदयमा गहिरो जरा गाडेको व्यक्तित्वको योगदानलाई मान्यता दिएकामा मुख्यमन्त्री प्रेमसिंह तामाङप्रति कृतज्ञता व्यक्त गरेको छ।

## Badminton: Dilliram Dulal

तीन दिवसीय चौतिसौँ सिक्किम राज्य भेटेरन ब्याडमिन्टन च्याम्पियनशिप आज गान्तोकको ब्याडमिन्टन हलमा सफलतापूर्वक समापन भयो। यस भव्य समापन कार्यक्रम गान्तोक नगर निगमकी उपमेयर श्रीमती छिरिङ पाल्देन भोटिया प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। यस च्याम्पियनशिपका विजेताहरूले अर्को महिना गोवामा आयोजना हुने आगामी राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनशिपमा सिक्किमको प्रतिनिधित्व गर्नेछन्।

आकाशवाणी गान्तोकबाट समाचार पूरा भयो।